नौमूले गाउँपालिका, दैलेखको

अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको



आर्थिक ऐन, २०८०



गाउँ सभाबाट पारित मितिः २०८०/०३/१०

नौमूले गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८०

गाउँसभाबाट पारित मितिः २०८०/०३/१०

प्रस्तावनाः नौमूले गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को (२) बमोजिम नौमूले गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन २०८० साल साउन १ गतेदेखि नौमूले गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असुलउपर गरिनेछ ।

३. **बहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ ।

५. **सवारी साधन दर्ता तथा वार्षिक सवारी करः** गाउँपालिका क्षेत्र भित्र सवारी साधन दर्ता तथा दर्ता भएका सवारी सधान अनुसूची (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

६. **ढुंगा, गिट्टी, बालुवा तथा माटो करः** गाउँपालिका क्षेत्र भित्र ढुंगा, गिट्टी, बालुवा तथा माटो आयात र निर्यात गर्दा अनुसूची (५) बमोजिम कर लगाइने र असुल उपर गरिने छ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ, तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

९. **सवारी पार्किङ्ग शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम सवारी पार्किङ्ग शुल्क लगाइने र असुलउपर गरिनेछ ।

१०. **विविध सेवा शुल्क र दस्तुरः** गाउँपालिकाले उपलब्ध गराउने अनुसूची (९) बमोजिमा सेवा सुविधामा सोही अनुसूचीमा उल्लेख भए बमोजिम शुल्क लगाइने र असुलउपर गरिनेछ ।

११. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१२. **कर तथा शुलक संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

नौमूले गाउँपालिका क्षेत्र भित्रका तपसिलका जग्गाहरुको मूल्यांकन सम्पत्ति कर प्रयोजनार्थ २०८०/०८१ का लागि देहाय अनुसारको प्रति रोपनी जग्गा मूल्यांकन दररेट कायम गरिनेछ ।

अनुसूची १
(दफा २ सँग सम्बन्धित)

सम्पत्ति करः

सि.नं.	क्षेत्र	मूल्यांकन प्रस्तावित दर (रु. मा)
१.	नौमूले बजार क्षेत्र (प्रति रोपनी	२०/-
२.	वडामुकाम क्षेत्र (प्रति रोपनी)	१८/-
३.	वडामुकाम भन्दा बाहिरको क्षेत्र (प्रति रोपनी)	८/-
४.	कालिका बाङ्गे बजार क्षेत्र (प्रति रोपनी)	१०/-
५.	बालुवाटार रापट बजार क्षेत्र (प्रति रोपनी)	१०/-

यस नौमूले गाउँपालिका क्षेत्र भित्र रहेका संरचनाहरुको सम्पत्ती कर प्रयोजनार्थ आ.व. २०८०/०८१ का लागि निम्नानुसारको संरचना मूल्यांकन दररेट स्वीकृत भएको छ ।

सि.नं.	संरचनाको बनोट	मूल्यांकन प्रस्तावित दर
१.	वडा नं. १ देखि वडा नं. ८ सम्म टिन र पत्थरको छाना (प्रति घर)	५०/-
२.	वडा नं. १ देखि वडा नं. ८ सम्म आरसीसी ढलान (प्रति कोठा)	३०/-
३.	नौमूले बजार क्षेत्रको आरसीसी टीन र पत्थरको छाना (प्रति घर)	१००/-
४.	नौमूले बजार क्षेत्रको आरसीसी ढलान (प्रति कोठा)	४०/-

यस नौमूले गाउँपालिका क्षेत्रमा तपसिल बमोजिमको सम्पत्ति कर हुनेछः

क्र.सं.	मूल्यांकन विवरण		कायम गरिएको प्रस्तावित रकम रु.
	देखि	सम्म	
१.	१	१ लाख	५०/-
२.	१ लाख १	२ लाख	१००/-
३.	२ लाख १	३ लाख	१५०/-
४.	३ लाख १	४ लाख	२००/-
५.	४ लाख १	५ लाख	२२०/-
६.	५ लाख १	६ लाख	२५०/-
७.	६ लाख १	७ लाख	२८०/-
८.	७ लाख १	८ लाख	३००/-
९.	८ लाख १	९ लाख	३५०/-
१०.	९ लाख १	१० लाख	४००/-

क्र.सं.	मूल्यांकन विवरण		कायम गरिएको प्रस्तावित रकम रु.
	देखि	सम्म	
११.	१० लाख १	१२ लाख	५००/-
१२.	१२ लाख १	१४ लाख	७००/-
१३.	१४ लाख १	१६ लाख	८००/-
१४.	१६ लाख १	१८ लाख	९००/-
१५.	१८ लाख १	२० लाख	१०००/-
१६.	२० लाख १	२२ लाख	१२००/-
१७.	२२ लाख १	२४ लाख	१३००/-
१८.	२४ लाख १	२६ लाख	१४००/-
१९.	२६ लाख १	२८ लाख	१५००/-
२०.	२८ लाख १	३० लाख	१६००/-
२१.	३० लाख १	३२ लाख	१७००/-
२२.	३२ लाख १	३४ लाख	१८००/-
२३.	३४ लाख १	३६ लाख	२०००/-
२४.	३६ लाख १	३८ लाख	२५००/-
२५.	३८ लाख १	४० लाख	३०००/-
२६.	४० लाख १	४२ लाख	३५००/-
२७.	४२ लाख १	४४ लाख	४०००/-
२८.	४४ लाख १	४६ लाख	४५००/-
२९.	४६ लाख १	४८ लाख	५०००/-
३०.	४८ लाख १	५० लाख	५५००/-
३१.	५० लाख १	६० लाख	६०००/-
३२.	६० लाख १	७० लाख	६५००/-
३३.	७० लाख १	८० लाख	७०००/-
३४.	८० लाख १	९० लाख	७५००/-
३५.	९० लाख १	१ करोड	८०००/-
३६.	१ करोड १	१ करोड ५० लाख	८५००/-
३७.	१ करोड ५० लाख १	२ करोड	९०००/-
३८.	२ करोड १	२ करोड ५० लाख	९५००/-
३९.	२ करोड ५० लाख १	३ करोड	१००००/-
४०.	३ करोड १	३ करोड ५० लाख	१०५००/-
४१.	३ करोड ५० लाख १	४ करोड	११०००/-
४२.	४ करोड १	४ करोड ५० लाख	११५००/-

क्र.सं.	मूल्यांकन विवरण		कायम गरिएको प्रस्तावित रकम रु.
	देखि	सम्म	
४३.	४ करोड ५० लाख १	५ करोड	१२०००/-
४४.	५ करोड १	भन्दा माथि	१२५००/-

अनुसूची २
(दफा ३ सँग सम्बन्धित)

बहाल करः नौमूले गाउँपालिकाको आर्थिक ऐन, २०८० मा व्यवस्था भए अनुसार गाउँकार्यपालिका क्षेत्र भित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको १० प्रतिशत घर बहाल लिईने छ ।

अनुसूची ३
(दफा ४ सँग सम्बन्धित)

व्यवसाय करः

क्र.सं.	विवरण	प्रस्तावित करका दररेट	
		दर्ता	नविकरण
१.	**दैनिक उपभोगका सामग्री विक्र गर्ने**		
क.	किराना पसल (थोक विक्रेता)	८००/-	४००/-
ख.	किराना पसल (खुद्रा विक्रेता) उच्च	६००/-	३००/-
ग.	किराना पसल (खुद्रा विक्रेता) मध्ययम	६००/-	३००/-
घ.	किराना पसल (खुद्रा विक्रेता) साधारण	३००/-	१५०/-
२.	**स-साना व्यवसाय गर्ने निम्नस्तरको**		
क.	कपाल काट्ने हजाम २ सिटको	३००/-	१५०/-
ख.	कपाल काट्ने हजाम २ सिट भन्दा बढी	५००/-	२५०/-
ग.	ब्यूटी पार्लर	३००/-	१५०/-
घ.	भाडा पसल	१०००/-	५००/-
ङ.	पान पसल	२५०/-	१७५/-
च.	फोटो ग्राफर (फोटो बनाइने)	३००/-	१५०/-
छ.	सूचिकार (२ भन्दा बढी मेशिन हुनेलाई)	४००/-	२००/-
ज.	सूचीकार (२ भन्दा कम मेशिन हुनेलाई)	२००/-	१००/-
३.	**पेट्रोल, डिजेल, मोबिल पसल**		
क.	पम्पसेट राखेर बेच्ने	१०००/-	५००/-
ख.	आयाल स्टोर्स	५०००/-	३०००/-

क्र.सं.	विवरण	प्रस्तावित करका दररेट	
		दर्ता	नविकरण
४.	**बंगुर पालन फर्म दर्ता**	३००/-	१५०/-
५.	**कुखुरा पालन फर्म दर्ता**	८००/-	४००/-
६.	**दाना उद्योग पसल (पशु)**	८००/-	४००/-
७.	**पोल्टी फर्म/एग्रोभेट पसल**	५००/-	२५०/-
८.	**कृषि समूह दर्ता**	५००/-	२५०/-
९.	**पशु पंछी पालन**	५००/-	२५०/-
१०.	**मौरी पालन**	५००/-	२५०/-
११.	**च्याउ खेती**	५००/-	२५०/-
१२.	**नर्सरी उत्पादन**	५००/-	२५०/-
क.	तरकारी पसल	५००/-	२५०/-
१३.	**सिलाई कटाई**	४००/-	२००/-
१४.	**हार्डवयर पसल**		
क.	हार्डवयर पसल (छड, सिमेन्ट, कर्कट पाता) उच्च	२०००/-	१०००/-
ख.	हार्डवयर पसल (छड, सिमेन्ट, कर्कट पाता) मध्ययम	१२००/-	६००/-
ग.	रंगरोगन, सिसा, प्लाइउड पसल	१०००/-	५००/-
घ.	बिजुलीको सामान भएको ठुलो पसल	१०००/-	५००/-
ङ.	बिजुलीको सामान भएको साधारण पसल	५००/-	२५०/-
च.	बाथरुमका सामान (स्यानीटरी पसल)	५००/-	२५०/-
१५.	**पाउरोटी, आइस्क्रिम, खाद्य सामग्री उद्योग**	१२००/-	६००/-
१६.	**रेडियो, इलेक्ट्रोनिक्स, क्यामेरा, फ्रिज आदी**		
क.	सामान विक्रेता वा पसलबाट	१०००/-	५००/-
ख.	घडी, चस्मा मर्मत पसल	१०००/-	५००/-
ग.	रेडियो, टिभी र क्यामेरा मर्मत पसल तथा मोबाइल विक्री तथा मर्मत पसल	१०००/-	५००/-
घ.	हिटर, फ्रिज, इलेक्ट्रोनिक्स बेच्ने पसल	५००/-	२५०/-
ङ.	स्टोभ, ग्याँस, चुल्हो र प्रेसरकुकर मर्मत पसल	२५०/-	१२५/-
च.	ग्याँस सिलिन्डर विक्रेता पसल	१०००/-	५००/-
१७.	**फर्निचर तथा काठको सामग्री विक्रेता**	१०००/-	५००/-
क.	काठ र स्टिलको फर्निचर उद्योग	२०००/-	१०००/-
ख.	काठ फर्निचर उद्योग	१०००/-	५००/-
ग.	घरेलु तथा साना कृषि तथा प्राकृतिक स्रोतजन्य	१०००/-	५००/-

क्र.सं.	विवरण	प्रस्तावित करका दररेट	
		दर्ता	नविकरण
	पदार्थमा आधारित अन्य उद्योग (मसला, धुप, मैन बत्ती, दालमोट, सिस्नो, अल्लो, चोया, बास, निगालो, होजियारी, हाते कागजत आदी)		
घ.	कार्पेट उद्योग	२०००/-	१०००/-
ङ.	घरेलु तथा साना अन्य उद्योग	४००/-	२००/-
च.	काठको स्टिल फर्निचर मिश्रित उच्च	२०००/-	१०००/-
छ.	काठको स्टिल फर्निचर मिश्रित मध्ययम	२०००/-	१०००/-
ज.	काठको स्टिल फर्निचर मिश्रित साधारण	१२००/-	६००/-
झ.	स्लेट पत्थर उद्योग	२०००/-	१०००/-
१८.	**काँचो कपडा पसल**		
क.	ठुलो	१०००/-	५००/-
ख.	साधारण	६००/-	३००/-
१९.	**तैयारी कपडा (फेन्सी)**		
क.	ठुलो	१०००/-	५००/-
ख.	साधारण	६००/-	३००/-
२०.	**कोल्ड ड्रिङ्कस पसल**	१०००/-	५००/-
२१.	**धान कुट्ने, तेल पेल्ने मीलबाट प्रति अस्त्र शक्ति (मिल)**	५००/-	२५०/-
२२.	**ईट्टा तथा झिंगटी उत्पादनबाट**	५००/-	२५०/-
क.	ब्लक सिमेन्ट ग्रिल उद्योगबाट	१०००/-	५००/-
२३.	**नाफा कमाउने उद्देश्यले स्थापित संस्था**		
क.	विज्ञपन एजेन्सी	१५००/-	७५०/-
ख.	परामर्शदाता (कन्सल्टेन्सी)	१०००/-	५००/-
ग.	बोर्डिङ स्कुल (प्रा.वि.)	१०००/-	५००/-
घ.	बोर्डिङ स्कुल (नि.मा.वि.)	२०००/-	१०००/-
ङ.	बोर्डिङ स्कुल (मा.वि.)	४०००/-	२०००/-
च.	पूर्व प्राथमिक विद्यालय	१०००/-	५००/-
छ.	ट्यूशन सेन्टर/कम्प्यूटर इन्स्टिच्युट	१०००/-	५०००/-
ज.	सप्लायर्स (जुनसुकै सामानको)	१०००/-	५००/-
झ.	कार्गो	१०००/-	५००/-
ञ.	कुरियर सेवा	५००/-	२५०/-
ट.	ढुवानी सेवा	४०००/-	२०००/-

क्र.सं.	विवरण	प्रस्तावित करका दररेट	
		दर्ता	नविकरण
ठ.	नीजि वित्तिय कम्पनी (लघुवित्त)	५०००/-	२५००/-
ड.	नीजि बैंकहरु		
	"क" बर्गका बैंकहरु	६०००/-	३०००/-
	"ख" वर्गका बैंकहरु	५०००/-	२५००/-
	"ग" वर्गका बैंकहरु	३०००/-	१५००/-
	"घ" वर्गका बैंकहरु	३०००/-	१५००/-
	"ङ" सहकारी संस्था	१०००/-	५०००/-
ढ.	**हाइड्रो कम्पनीहरु**		
	१ मेगावाट भन्दा कम	१००००/-	५०००/-
	१ मेगावाट देखि ४ मेगावाटसम्म	२५०००/-	१००००/-
	४ मेगावाट देखि ८ मेगावाटसम्म	५००००/-	२५०००/-
	८ मेगावाट देखि माथि	१००००००/-	५००००/-
२४.	**सुन, चाँदी पसल**		
क.	ठुलो	३०००/-	१५००/-
ख.	मध्यम	२०००/-	१०००/-
ग.	साधारण	१०००/-	५००/-
२५.	**डाक्टर, वैद्य, वकिल र इन्जिनियरिङ्ग व्यवसाय**		
क.	ईन्जिनियरिङ्ग	३०००/-	१५००/-
ख.	वैद्य	४००/-	२५०/-
ग.	बरिष्ठ अधिवक्ता	१५००/-	७५०/-
घ.	अधिवक्ता	१०००/-	५००/-
ङ.	साधारण लेखापढी	१०००/-	५००/-
च.	डाक्टर	२५००/-	१०००/-
छ.	सहायक कम्पाउण्डर	५००/-	३००/-
ज.	थेरापी सेन्टर	२०००/-	१०००/-
झ.	परामर्श तथा कन्सल्टेन्सी सेवा	१५००/-	१०००/-
ञ.	इजाजत पत्र दस्तुर	१५०००/-	५०००/-
ट.	निर्माण कार्यको व्यवसायिक निर्माण "घ" वर्ग	१००००/-	५०००/-
ठ.	अडिटिङको लागि "क" वर्ग	४०००/-	२०००/-
ड.	अडिटिङको लागि "ख" वर्ग	३०००/-	१५००/-
ढ.	अडिटिङको लागि "ग" वर्ग	२०००/-	१०००/-
ण.	अडिटिङको लागि "घ" वर्ग	१५००/-	७५०/-

क्र.सं.	विवरण	प्रस्तावित करका दररेट	
		दर्ता	नविकरण
२६.	**मनोरञ्जनतर्फ**		
क.	सिनेमा सर्कस	१२०००/-	६०००/-
ख.	चलचित्र मन्दिर	१२०००/-	६०००/-
ग.	हाइभिजन हल	१००००/-	५०००/-
घ.	सामान्य सर्कस	७०००/-	३५००/-
ङ.	विशेष सर्कस दैनिक	३०००/-	२०००/-
२७.	**पर्यटन, उद्योग बाहेकका अन्य होटल रेष्टुरेन्ट**		
क.	पर्यटनस्तरका होटल (तारे होटल)	४०००/-	२०००/-
ख.	होटल एण्ड लज रेष्टुरेन्ट (उच्चमा)	२०००/-	१५००/-
ग.	होटल एण्ड लज रेष्टुरेन्ट (मध्ययम)	१५००/-	१०००/-
घ.	होटल एण्ड लज रेष्टुरेन्टु (साधारण)	१०००/-	५००/-
ङ.	होटल छाप्रोमा	४००/-	२००/-
२८.	**माछा मासु पसल**		
क.	खसी	१०००/-	५००/-
ख.	कुखुरा (फ्रेस हाउस)	६००/-	३००/-
ग.	राँगाको	६००/-	३००/-
घ.	डेरी उद्योग	५००/-	२५०/-
२९.	**श्रृंगार र विलासिता तथा अन्य सामान विक्रेता**		
क.	कस्मेटिक पसल (उच्च)	६००/-	३००/-
ख.	कस्मेटिक पसल (मध्ययम)	५००/-	२५०/-
ग.	कस्मेटिक पसल (साधारण)	३००/-	१५०/-
घ.	जुत्ता, छाला वा अन्य जुत्ता पसल	१०००/-	५००/-
ङ.	स्थानीय जुता, छाता पसल	८००/-	४००/-
३०.	**भाँडा पसल**		
क.	भाडा पसल (उच्चमा)	१५००/-	७५०/-
ख.	भाँडा पसल (मध्यम)	१२००/-	६००/-
ग.	भाँडा पसल (साधारण)	१०००/-	५००/-
३१.	**कलर ल्याब कम्प्यूटर प्रशिक्षण मर्मत केन्द्र**		
क.	कलर ल्याब	२०००/-	१०००/-
ख.	कम्प्यूटर प्रशिक्षण केन्द्र	१०००/-	५००/-
ग.	फोटोकपी गर्ने पसल	५००/-	२५०/-
घ.	एमोनियम प्रिन्ट गर्न पसल	५००/-	२५०/-

क्र.सं.	विवरण	प्रस्तावित करका दररेट	
		दर्ता	नविकरण
ङ.	टाइप इन्स्टिच्युट	१०००/-	५००/-
३२.	**मोटरसाइकल मर्मत रिसोलिंग गर्ने**		
क.	मोटर मर्मत गर्ने वर्कसप वा व्यक्ति	१०००/-	५००/-
ख.	मोटरसाइकल विक्री सोरुम	१००००/-	५०००/-
ग.	मोटरसाइकल मर्मत	१५००/-	७५०/-
घ.	साइकल अटो रिक्सा स्टोभ मर्मत पसल	१५००/-	७५०/-
ङ.	रिसोलिंग गर्ने कारखाना पसल	५०००/-	२५००/-
च.	प्लाष्टिकका मेच तथा अन्य मालसामान बुन्ने	१०००/-	५००/-
छ.	आर्टिस्ट वर्कसप	१०००/-	५००/-
ज.	मेशिनरी सामानको पाटपुर्जा बेच्ने पसल	१०००/-	५००/-
३३.	**स-साना चिया पसल र रेष्टुरेन्ट**		
क.	चिया पसल राम्रो खालको	५००/-	२५०/-
ख.	मिठाइ पसल	७००/-	३५०/-
ग.	मःम पसल	८००/-	४००/-
घ.	भोजनालय (राम्रो)	८००/-	४००/-
ङ.	भोजनालय (साधारण)	५००/-	२५०/-
च.	साधारण चिय पसल	३००/-	१५०/-
छ.	ठेलामा बेच्नेको लागि	५००/-	२५०/-
३४.	**फलफूल तथा तरकारी पसल**		
क.	उच्च	१२००/-	६००/-
ख.	मध्यम	१०००/-	५००/-
ग.	साधारण	५००/-	२५०/-
३५.	**औषधी पसल**		
क.	औषधी पसल थोक विक्रेता	२०००/-	१०००/-
ख.	औषधी पसल खुद्रा विक्रेता	१०००/-	५००/-
ग.	जडीबुटी पसल	१०००/-	५००/-
३६.	**प्रिन्टिङ प्रेस तथा स्टेशनरी पसलतर्फ**		
क.	प्रिन्टिङ प्रेश अपसेट	२०००/-	१०००/-
ख.	प्रिन्टिङ प्रेश साधारण	१२००/-	१०००/-
ग.	स्टेशनरी तथा पुस्तक पसल (उच्च)	१०००/-	५००/-
घ.	स्टेशनरी तथा पुस्तक पसल (मध्यम)	८००/-	४००/-
ङ.	स्टेशनरी तथा पुस्तक पसल (साधारण)	५००/-	२५०/-

क्र.सं.	विवरण	प्रस्तावित करका दररेट	
		दर्ता	नविकरण
च.	पत्र पत्रिका पसल	१०००/-	५००/-
छ.	भिडियो क्यासेट पसल तथा मर्मत पसल	२०००/-	१०००/-
ज.	अन्य सबैखाले वर्कसप	२०००/-	१०००/-
झ.	भिडियो क्यासेट पसल	१५००/-	७५०/-
३७.	**यस गाउँपालिका क्षेत्र भित्र बस तथा काउण्टर व्यवसायवापत**	१५००/-	७५०/-
३८.	**पटके बजारमा घुमायर बेच्ने (प्रति दिन)**		
क.	फेन्सी कपडा प्रति बोरा	२००/-	
ख.	ठेकी/भाँडा प्रति पसल	१५०/-	
ग.	माटाका भाँडा प्रति पसल	१००/-	
घ.	औजार भाँडा पसल	१००/-	
ङ.	सुनचाँदी पसल	२००/-	
च.	चिया इत्यादी पसल	१००/-	
छ.	साग सब्जी पसल	१००/-	
ज.	फलफूल पसल	१००-	
झ.	ठेलामा बेच्ने सामानको	५०/-	
ञ.	मुर्ति बनाउने उद्योग	२००/-	
ट.	जीप (पटके)	३००/-	
ठ.	ट्रक (पटके)	५००/-	
ड.	बस/हाइस (पटके)	४००/-	
३९.	**वडालाई अधिकार प्रत्यायोजना भए अनुसार स्थानीय स्रोतबाट उठाउन सकिनेछ ।**		
४०.	**टि.भि. केबुलको लागि**	१०००/-	५००/-
४१.	**गिफ्ट पसल**	१०००-	५००/-
४२.	**मदिरा पसल**		
क.	मदिरा विक्रि पसल (डिलर)	२५००/-	१२५०/-
ख.	मदिरा विक्रि पसल (फुटकर)	१०००/-	५००/-
४३.	**डिलर सिप**		
क.	आयाल निगम	२५००/-	१२५०/-
ख.	चुरोट डिलर	२०००/-	१०००-
ग.	साल्ट ट्रेडिङ	१०००/-	५००/-
घ.	नेश्नल ट्रेडिङ	८००/-	४००/-

क्र.सं.	विवरण	प्रस्तावित करका दररेट	
		दर्ता	नविकरण
ङ.	पेय पदार्थ (कोकाकोला आदी)	८००/-	४००/-
च.	फलाम, स्टिल, कर्कट पाता	१०००/-	५००/-
छ.	यी बाहेक अन्य डिलर सिप (प्रत्येक)	१०००/-	५००/-
ज.	टेलिभिजन प्रशारण फर्म अन्य पेशा वा सेवा	२०००/-	१०००/-
झ.	बिमा कम्पनी	१५००/-	७५०/-
ञ.	रेमिट्यान्स (विप्रेषण) विदेशबाट आउने रकमको सेवा प्रवाह गर्ने वित्तिय संस्था	४०००/-	२०००/-
ट.	व्यवसायिक एफ.एम.	२०००/-	१०००/-
ठ.	निज टेलिफोन सेवा (टावर)	१००००/-	५०००/-
ड.	सरकारी टेलिफोन टावर	५०००/-	३०००/-
ढ.	पोलिक्लिनिक	१००००/-	५०००/-
ण.	डेन्टल क्लिनिक	२५००/-	१०००/-
त.	आयुर्वेद क्लिकिन	२५००/-	१०००/-
थ.	ल्याब सेवा सहित क्लिनिक	२५००/-	१०००/-
४४.	**यसमा नपरेका अन्य गाउँपालिकाको कार्यपालिका बैठकबाट निर्णय गरे अनुसार हुनेछ ।**		

अनुसूची ४
(दफा ५ सँग सम्बन्धित)

सवारी साधन दर्ता तथा वार्षिक सवारी करः

नौमूले गाउँपालिका क्षेत्र भित्र आवागमन गर्ने सवारी साधनहरुको निम्नानुसारका कर दस्तुर दिई सवारी साधन दर्ता गर्ने निर्णय गरियो ।

क्र.सं.	सवारी साधन	दर्ता	नविकरण
१.	अटो, रिक्सा	५००/-	३००/-

अनुसूची ५
(दफा ६ सँग सम्बन्धित)

गा.पा. क्षेत्र भित्र बालुवा, गिट्टी, माटो आदि आयात र निर्यातमा निम्न बमोजिम कर लगाइने छ ।

क्र.सं.	विवरण	प्रति पटक			
		ढुंगा	बालुवा	गिट्टी	माटो
१.	प्रति ट्रिप ट्रकबाट	१०००/-	१०००/-	१०००/-	१०००/-

क्र.सं.	विवरण	प्रति पटक			
		ढुंगा	बालुवा	गिट्टी	माटो
२.	प्रति ट्रिप सानो ट्रकबाट	६००/-	६००/-	६००/-	६००/-
३.	प्रति ट्रिप ट्याक्टरबाट	१००/-	१००/-	१००/-	१००/-
४.	प्रति ट्रिप ट्याक्टर भ्यान	५०/-	५०/-	५०/-	५०/-
५.	खोटो प्रति के.जी.	रु. १.५/-			

अनुसूची ६
(दफा ७ सँग सम्बन्धित)

विज्ञापन करः

होडिङ बोर्ड राख्नेसँग नियमित रु. २००/- का दरले व्यवसाय प्रचार र सेवा होडिङ बोर्ड प्रति स्क्वायर फिटका रु. २००/- का दरले लाग्नेछ ।

क्र.सं.	विवरण	आ.व. २०८०/०८१ को लागि प्रस्तावित दररेट	
		दर्ता	नविकरण
१.	ठुलो साइनबोर्ड	८००/-	४००/-
२.	ठुलो साइन बोर्ड मध्ययम	६००/-	३००/-
३.	ठुलो साइनबोर्ड साधारण	५००/-	२५०/-
४.	अन्यको ६ स्क्वायर फिट भन्दा तलको लागि प्रति ब्यानर	३००/-	१५०/-
५.	साइन बोर्ड ब्यानर लेख्ने	५००/-	२५०/-
६.	फ्लेक्स बोर्ड प्रिन्ट	५००/-	२५०/-

अनुसूची ७
(दफा ८ सँग सम्बन्धित)

मनोरञ्जन करः

क्र.सं.	विवरण	दर्ता	नविकरण
१.	टेलिभिजन केबुलकार प्रशारण फर्म दर्ता	२०००/-	१०००/-

अनुसूची ८
(दफा ९ सँग सम्बन्धित)

पार्किङ्ग शुल्कः

नौमूले गाउँपालिकाको बजार क्षेत्रमा सवारी पार्किङ्ग शुल्क निम्नानुसार रहेको छ ।

क्र.सं.	सवारी साधन	दर (रुपैयाँमा)	कै.

१.	बस/ट्रक	१००/-	
२.	ट्याक्टर/जीप	५०/-	
३.	मोटरसाइकल	२०/-	

अनुसूची ९
(दफा १० सँग सम्बन्धित)

नौमूले गाउँपालिका क्षेत्र भित्र तपशिल बमोजिमका अन्य सेवा शुल्क कर लगाइने छ ।

१) अचल सम्पत्ति मूल्यांकन सेवा शुल्कः

नौमूले गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक ऐन, २०८० बमोजिम आ.व. २०८०/०८१ का लागि गाउँपालिकाले आफ्नो इलका भित्र घर जग्गाको मोल तोक्नु परेमा सो मोलको तपसिल अनुसारको दस्तुर लाग्नेछ ।

तपसिलः

क्र.सं.	विवरण		चालु आ.व.मा लाग्ने दस्तुर (रुपैयाँ)	२०८०/०८१ का प्रस्तावित दर (रुपैयाँ)
	देखि	सम्म		
१.	१	५ लाख सम्म	५००/-	५००/-
२.	५ लाख १	१० लाख	१०००/-	१०००/-
३.	१० लाख १	१५ लाख	१५००/-	१५००/-
४.	१५ लाख १	२० लाख	२०००-	२०००/-
५.	२० लाख १	३० लाख	२५००/-	२५००/-
६.	३० लाख १	४० लाख	३०००/-	३०००/-
७.	४० लाख १	५० लाख	३५००/-	३५००/-
८.	५० लाख १	६० लाख	४०००/-	४०००/-
९.	६० लाख १	७० लाख	४५००/-	४५००/-
१०.	७० लाख १	८० लाख	५०००/-	५०००/-
११.	८० लाख १	९० लाख	५५००/-	५५००/-
१२.	९० लाख १	१ करोड	६०००/-	६०००/-
१३.	१ करोड १	१ करोड ५० लाख	६५००/-	६५००/-
१४.	१ करोड ५० लाख १	२ करोड	७०००/-	७०००/-
१५.	२ करोड १	२ करोड ५० लाख	७५००/-	७५००/-
१६.	२ करोड ५० लाख १	३ करोड	८०००/-	८०००/-
१७.	३ करोड १	३ करोड ५० लाख	८५००/-	८५००/-

क्र.सं.	विवरण		चालु आ.व.मा लाग्ने दस्तुर (रुपैयाँ)	२०८०/०८१ का प्रस्तावित दर (रुपैयाँ)
	देखि	सम्म		
१८.	३ करोड ५० लाख	४ करोड	९०००/-	९०००/-
१९.	४ करोड १	४ करोड ५० लाख	१००००/-	१००००/-
२०.	४ करोड ५० लाख १	५ करोड	१२०००/-	१२०००/-
२१.	५ करोड १	५ करोड ५० लाख	१३०००/-	१३०००/-
२२.	५ करोड ५० लाख १	६ करोड	१५०००/-	१५०००/-
२३.	६ करोड १	६ करोड ५० लाख	१६०००/-	१६०००/-
२४.	६ करोड ५० लाख १	७ करोड	१७०००/-	१७०००/-
२५.	७ करोड १	८ करोड	१८०००/-	१८०००/-
२६.	८ करोड १	९ करोड	१९०००/-	१९०००/-
२७.	९ करोड १	१० करोड	२००००/-	२००००/-
२८.	१० करोड भन्दा माथि		२१०००/-	२१०००/-

२) रकम कलम उठाई दिएमा प्रति हजार रु. १/- का दरले सेवा शुल्क लाग्नेछ ।

३) गाउँपालिकाको क्षेत्र भित्र घर नक्सा पास गरेवापत निम्नानुसारको घर नक्सा पास दस्तुर शुल्क लाग्नेछ ।

तपसिलः

क) नक्सा पास निवेदन किताब दस्तुर — रु. ५००/-

४) नक्सा पास लेआउट दस्तुरः

क) बजार क्षेत्रमा १०० ब.फि.सम्मको — रु. १०००/-

ख) बजार क्षेत्रमा १०० ब.फि. माथिसम्मको — रु. १०००/-

ग) ग्रामिण क्षेत्रमा — रु. ३००/-

घ) अमिन दस्तुर — रु. ५००/-

ङ) घर नक्सा पास निर्माण सम्पन्न इजाजत पत्र सिफारिस दस्तुर — रु. २००/-

च) सडक मर्मत सुधार शुल्क प्रति ब.मी. — रु. ३०००/-

५) निर्माण सम्पन्न भए पश्चात नक्सा पास हुन आएमा तपसिल बमोजिमको जरीवाना दस्तुर लाग्नेछ ।

क) मूल बजार क्षेत्र — रु. ५०००/-

ख) बजार क्षेत्र दायाँ बायाँ साइड — रु. ३०००/-

ग) ग्रामिण क्षेत्र — रु. २०००/-

६) नक्सापास दस्तुर (प्रति बर्गफिट)

क्र.सं.	बनोट	साइडको बजार क्षेत्र	मूल सडक	ग्रामिण क्षेत्र
१.	ढुंगा मोटोको गाह्रो फुसको छाना भएको घरको	रु. १/-	५० पैसा	२० पैसा
२.	ढुंगा मोटोको गाह्रो पत्थर र टिनको छाना भएको	रु. १.५०/-	रु. १	५० पैसा
३.	सिमेन्टको गाह्रो ढुंगाको चिनाई टिनको छाना भएको	रु. २/-	रु. २.५०/-	रु. १/-
४.	सिमेन्टको गाह्रो ढुंगाको इट्टा चिनाई आर.सी.सी. भएको	रु. २.५०/-	भुईतला रु. ४ र सो भन्दा माथि रु. ३.५०/-	रु. १.५०/-
५.	सिमेन्टको गाह्रो ढुंगाको इट्टा चिनाई आर.सी.सी. भएको सरकारी भवन	रु. ४/-	रु. ४.५०/-	रु. २/-
६.	बजार क्षेत्रमा ग्रिल काठको पाटेसन तथा पाताको छाना भएको	रु. २/-	रु. २/-	रु. १/-

यस गाउँपालिका क्षेत्र भित्र निर्माण हुने घर पर्खाल आदि घर नक्सा पासवापत घरको प्रकार छनौट पुरातात्विक एवम् धार्मिक महत्वलाई हृदयगत गरी घरको क्षेत्रफलको आधारमा प्रति बर्गफिट घर नक्सा पास सेवा सुविधा लिईनेछ ।

७) गाउँपालिका क्षेत्र भित्र निर्माण भई सकेका भवनहरुको नक्सापास नामसारी दस्तुर तपसिल बमोजिम रहेको छ ।

क्र.सं	विवरण	आ.व. २०८०/०८१ का लागि प्रस्तावित दररेट
१.	१ तला भएको आर.सी.सी. ढलान घरको	रु. ३००/-
२.	२ तला भएको आर.सी.सी. ढलान घरको	रु. ५००/-
३.	३ तला भएको आर.सी.सी. ढलान घरको	रु. ५००/-
४.	सो भन्दा माथिको आर.सी.सी. ढलान घरको	रु. १०००/-

८) गाउँपालिका क्षेत्र भित्रका जग्गा किनबेच गर्दा गाउँपालिकाले उपलब्ध गराउने घरबाटो सिफारिस दस्तुर निम्नानुसार लाग्नेछ ।

अ. ग्रामिण क्षेत्र (वडा नं. १ वडा नं. ८ सम्म)

क) ग्रामिण क्षेत्रका जग्गा रु. ५००/-

ख) ग्रामिण क्षेत्रका जग्गा मोटर बाटोसँग सटिएका जग्गाको रु. ७००/-

ग) ग्रामिण क्षेत्रका जग्गामा बनेका घर टिन र पत्थरका छाना भएको घर सहितको सिफारिस दस्तुर रु. ७००/-

घ) ग्रामिण क्षेत्रमा आर.सी.सी. ढलान भएको घर सहितको घरबाटो सिफारिस दस्तुर रु. १०००/-

आ. मूल बजार क्षेत्रः

क) बजार क्षेत्रमा आर.सी.सी. पक्की ढलान १ तले घरको घरबाटो सिफारिस दस्तुर रु. १०००/-

ख) बजार क्षेत्रमा आर.सी.सी. ढलान भएको २ तले घरबाटो सिफारिस दस्तुर रु. २०००/-

ग) बजार क्षेत्रमा आर.सी.सी. ढलान भएको ३ तले घरको घरबाटो सिफारिस दस्तुर रु. ३०००/-

घ) सो भन्दा माथि आर.सी.सी. ढलान भएको घरको घरबाटो सिफारिस दस्तुर रु. ५०००/-

ङ) खाली जग्गा घडेरीको मात्र रु. १०००/-

च) टिन र पत्थरको टाना रु. १५००/-

इ) मूल बजार को A/B साइड

क) आर.सी.सी. भएको पक्की ढलान १ तले घरको घरबाटो सिफारिस दस्तुर रु. ६००/

ख) आर.सी.सी. ढलान भएको २ तले घरको घरबाटो सिफारिस दस्तुर रु. १०००/-

ग) आर.सी.सी. ढलान भएको ३ तले घरको घरबाटो सिफारिस दस्तुर रु. १५००/-

घ) सो भन्दा माथि आर.सी.सी. ढलान भएको घरको घरबाटो सिफारिस दस्तुर रु. २०००/-

ङ) बजार क्षेत्रमा टिन र पत्थर भएको घरबाटो सिफारिस दस्तुर रु. १०००/-

च) बजार क्षेत्रका घडेरीको मात्र सिफारिस दस्तुर रु. ६००/-

छ) जग्गा नक्सांकन गरे वापत अमिन दस्तुर रु. १५००

ज) बजार क्षेत्र साइड लाईन मोटर बाटोले नछुने खाली जग्गाको घर बाटो सिफारिस दस्तर रु. ७००/-

९) ब्याक हो लोडर/ट्याक्टर भाडा दरः

गाउँपालिका कार्यालयको "ब्याक हो लोडर" व्यक्तिगत तथा संस्थागत रुपमा प्रयोग गरेमा निम्नानुसारको भाडादर कायम गर्नेः

क्र.सं.	विवरण	इन्धन
१.	भाडा प्रति घण्टा (लोडर)	रु. २५००/-
२.	ट्याक्टर भाडा प्रति ट्रिप (इन्धन सहित)	रु. ५०००/-
३.	ट्याक्टर भाडा प्रति दिन (इन्धन रहित)	रु. ४०००/-
४.	Total station set (प्रति दिन)	रु. १५००/-

५.	Level machine set (प्रति दिन)	रु. ५००/-

१०) यस गाउँपालिकाको बजार क्षेत्रमा यातायात आवागमनमा बाधा पुग्ने गरी राखिएका निर्माण तथा व्यापारिक प्रयोजनका सामानहरुको सन्दर्भमा पहिले ३ दिनका लागि रु. १००/- र त्यस पछि प्रत्येक दिनको प्रति दिन रु. ५०/- का दरले सडक अवरोध शुल्क लाग्नेछ ।

११) बजार सरसफाईलाई ध्यानमा राखि प्रति घर प्रति वर्ष निम्नानुसारका दरले सरसफाई शुल्क लिइनेछ ।

क्र.सं.	व्यवसायकि क्षेत्र	परिमार्जन गरिएका करका दर (रुपैयाँ)	कैफियत
क.	सरसफाई शुल्क (प्रति महिना)		
१.	आवासिय क्षेत्र	१००/-	
२.	होटल व्यवसाय	३००/-	व्यापारिक क्षेत्र
३.	मेडिकल	३००/-	व्यापारिक क्षेत्र
४.	मदिराजन्य व्यवसाय	३००/-	व्यापारिक क्षेत्र
५.	अन्य व्यवसाय	२००/-	व्यापारिक क्षेत्र

१२) यस कार्यालयबाट दिइने सिफारिसको हकमा तपसिल बमोजिमको दस्तुर लाग्नेछ ।

तपसिलः

क्र.सं.	विवरण	ग्रामिण क्षेत्र (रुपैयाँ)	शहरी क्षेत्र (रुपैयाँ)
१.	सिफारिस दस्तुरः		
क.	नागरिकता सिफारिस (नयाँ)	१००	१००
ख.	नागरिकता सिफारिस (प्रतिलिपि)	२००	२००
ग.	सर्जमिन मुचुल्का सहितको नागरिकता सिफारिस	२००	२००
घ.	पेन्सन सिफारिस (स्वदेश)	२००	२००
ङ.	पेन्सन सिफारि (विदेश)	५००	५००
च.	अंग्रेजीमा गरिने सबै प्रकारका सिफारिस	१०००	१०००
छ.	नेपालीमा गरिने सबै प्रकारका साधारण सिफारिस	१००	१००
ज.	विवाहित/अविवाहित प्रमाणित सिफारिस	१००	१००
झ.	अंगिकृत नागरिकता सिफारिस	५००	५००
ट.	नाता प्रमाणित (स्वदेशी)	१००	१००
ठ.	नाता प्रमाणित (विदेशी प्रयोजन)	२५०	२५०
ड.	नाता कायम सिफारिस	१००	१००
ढ.	जन्म मिति प्रमाणित	१००	१००
ण.	चारित्रिक प्रमाणपत्र	१००	१००

क्र.सं.	विवरण	ग्रामिण क्षेत्र (रुपैयाँ)	शहरी क्षेत्र (रुपैयाँ)
त.	नाम थर जन्म मिति सच्याउने (६ महिना भित्र)	५००	५००
थ.	विद्युत जडान सिफारिस (घरायसी प्रयोजन)	१००	१००
द.	विद्युत जडान सिफारिस (व्यवसायिक प्रयोजन)	५००	५००
ध.	विद्युत जडान ठाउँ सारी (घरायसी)	२००	२००
न.	विद्युत जडान ठाउँ सारी (व्यवसाय)	१०००	१०००
त.	विद्युत जडान सिफारिस (साना उद्योग)	१०००	१०००
थ.	विद्युत जडान सिफारिस (मझौला उद्योग)	१५००	१५००
ध.	विद्युत जडान सिफारिस (ठुलो उद्योग)	२०००	२०००
न.	काठको सिफारिस	५००	५००
प.	व्यवसाय दर्ता तथा बन्द सिफारिस	१००	१००
फ.	व्यवसाय नामसारी/ठाउँसारी	५००	५००
२.	घर तथा जग्गा सम्बन्धी सिफारिस		
क.	नाम सारी सिफारिस	२००	२००
ख.	अंश वण्डा सिफारिस	२००	२००
ग.	घर बाटो कायम सिफारिस	२००	५००
घ.	चार किल्ला प्रमाणित	२००	५००
ङ.	जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि फोटो टाँस सिफारिस	२००	२००
च.	घर कायम सिफारिस	२००	
छ.	घर बाटो भए/नभएको सिफारिस	२००	५००
ज.	नक्सा अभिलेख दस्तुर (कच्ची घर)	२००	५००
झ.	नक्सा अभिलेख दस्तुर (पक्की घर)	५००	१०००
१.	**खानेपानी सिफारिस**		
	क) घरायसी प्रयोजन	२००/-	५००/-
	ख) कार्यालय तथा उद्योग	७००/-	१०००/-
२.	भारत जाने सिफारिस	१००/-	१००/-
३.	**विद्युत जडान सिफारिस दस्तुर**		
	क) घरायसी प्रयोजनका लागि	२००/-	३००/-
	ख) उद्योग धन्दा सिफारीस	५००/-	१०००/-
४.	**जग्गा नामसारी सिफारिस**	१००/-	१००/-
५.	**अन्य किसिमका सिफारिस दस्तुर**	१००/-	१००/-
६.	चार किल्ला प्रमाणित	२००/-	५००/-

क्र.सं.	विवरण	ग्रामिण क्षेत्र (रुपैयाँ)	शहरी क्षेत्र (रुपैयाँ)
७.	हल भाडा प्रतिदिन	१५००/-	
८.	मल्लिमिडिया प्रतिदिन भाडा	१०००/-	
९.	अंग्रेजी सम्पूर्ण सिफारिस	१०००/-	
१०.	दैवी प्रकोप सम्बन्धी सिफारिस गर्दा कुनै दस्तुर लाग्ने छैन ।		
११.	कार्यालयबाट दिइने आफ्नो नम्बरी आवादीको निकासी हुने काठको सिफारिस लिंदा प्रति क्यु फिटको रु. २/- का दरले लाग्नेछ ।		

१३) नक्कल दस्तुरः नौमूले गाउँपालिकामा भएका कागज पत्रहरुको सम्बन्धित व्यक्तिले नक्कल सार्नका लागि निवेदन दिएमा देहाय बमोजिमको दस्तुर लाग्नेछ ।

क) आफ्नै तर्फबाट सारेमा प्रत्येक पानाको प्रतिलिपि प्रमाणित दस्तुर रु. २०/-

ख) कार्यालयबाट सारेमा प्रत्येक पानाको प्रतिलिपि प्रमाणित दस्तुर रु. ५०/-

ग) एकिकृत सम्पत्ति कर रसिदको प्रतिलिपि दस्तुर रु. २००/-

घ) घर बनाउने नक्साको नक्कल माग्न आएको अवस्थामा घर हेरी कागजको मूल्य बाहेक देहाय बमोजिमको नक्कल दस्तुर लाग्नेछ ।

क्र.सं.	कार्यालयबाट सारी लिंदा	आफै सारी लिंदा
१.	१ ताले घरको रु. २५०/-	रु. ३००/-
२.	२ तले घरको रु. ३००/-	रु. ४००/-
३.	३ तले घरको रु. ३५०/-	रु. ५००/-
४.	४ तले घरको रु. ४००/-	रु. ६००/-
५.	५ तले घरको रु. ४५०/-	रु. ७००/-
६.	६ तले तथा सो भन्दा माथिको घरको रु. ५००/-	रु. ८००/-

१४) वैदेशिक प्रयोजनको लागि मूल्यांकन रकमको रु. ०.१ प्रतिशतका दरले अचल सम्पत्ति मूल्यांकन दस्तुर लाग्नेछ ।

१५) गाउँपालिका क्षेत्र भित्र घर जग्गा किनबेच प्रयोजनका लागि घर कायम सिफारिस गर्दा तपसिल अनुसारको दररेट लाग्नेछ ।

क्र.सं.	विवरण		दस्तुर
	देखि (रुपैयाँ)	सम्म (रुपैयाँ)	
१.	५० हजारसम्म		३००/-
२.	५० हजार १	१ लाख	३५०/-
३.	१ लाख १	२ लाख	४००/-

क्र.सं.	विवरण		दस्तुर
	देखि (रुपैयाँ)	सम्म (रुपैयाँ)	
४.	२ लाख १	३ लाख	४५०/-
५.	३ लाख १	४ लाख	५००/-
६.	४ लाख १	५ लाख	५५०/-
७.	५ लाख १	१० लाख	६००/-
८.	१० लाख १	२० लाख	८००/-
९.	२० लाख १	३० लाख	१०००/-
१०.	३० लाख १	४० लाख	१२००/-
११.	४० लाख १	५० लाख	१४००/-
१२.	५० लाख १	६० लाख	१६००/-
१४.	६० लाख १	७० लाख	१८००/-
१५.	८० लाख १	९० लाख	२२००/-
१६.	९० लाख १	१ करोड	२४००/-
१७.	१ करोड १	१ करोड ५० लाख	२६००/-
१८.	१ करोड ५० लाख १	२ करोड	२८००/-
१९.	२ करोड १	३ करोड	३०००/-
२०.	३ करोड १	४ करोड	३२००/-
२१.	४ करोड १	५ करोड	३३००/-
२२.	५ करोड भन्दा माथि		५०००/-

१६) गाउँपालिका क्षेत्र भित्र मूल्यांकन रकमको ०.०५/- प्रतिशतका दर वार्षिक आय मूल्यांकन दस्तुर लाग्नेछ ।

१७) नौमूले गाउँपालिका बजार क्षेत्रमा राखिएको सडक बत्ती महशुलवापत रु. १०/- सवारी धान विक्रेताबाट वार्षिक रुपमा दर्ता शुल्क रु. १०००/- र वार्षिक नविकरण दस्तुर रु. ५०००/- कायम गरिनेछ ।

१८) पंजिकरण सम्बन्धी शुल्क तथा दस्तुरः

क्र.सं.	विवरण	दस्तुर
१.	व्यक्तिगत घटना दर्ता ३५ (पैतीस) दिन भित्र गराएमा	निःशुल्क
२.	व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क	रु. २००/-
३.	व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल शुल्क	रु. ५००/-
४.	व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको शुल्क	रु. २००/-

१९) गाउँपालिका क्षेत्रमा संचालित तपसिलका लघु उद्यमीहरुलाई दर्ता दस्तुर रु. ५००/- र नविकरण दस्तुर रु. २००/- लिईने छ ।

क) मसलाजन्य उद्योग
ख) बेकरी उद्योग
ग) दुना टपरी उद्योग
घ) चाउमिन उद्योग
ङ) अगरबत्ती, मैन बत्ती उद्योग
च) ढाका उद्योग

बाँस, निगालो, काष्ठकला उद्योग

क) राडीपाखी, अल्लो प्रशोधन उद्योग
ख) आरन, पंखा उद्योग
ग) सिलाई, कटाई उद्योग
घ) छाला, जुत्ता उत्पादन उद्योग
ङ) ब्यूटीपार्लर
च) जुस, सस अन्य उद्योग ।

आज्ञाले
रेशम बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत